स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



निर्माण घोषणाको सात महिनापछि फिल्म 'कल्ली'को छायांकन सुरु गरिएको छ। आइतबार काठमाडौंको बौद्धस्थित एक घरबाट फिल्म खिच्न थालिएको हो। फिल्मका लागि पहिलो सट उत्तम प्रधान, नाजिर हुसेन र वर्षा राउतले दिएका थिए। यसमा नाजिर र वर्षा श्रीमान-श्रीमतीको भूमिकामा देखिँदैछन्। ३५ दिनको सेड्युलमा फिल्मको छायांकन काठमाडौंपछि जुम्ला जिल्लामा हुनेछ। लक्ष्मण सुनारले निर्देशनको जिम्मेवारी सम्हालेको फिल्ममा सौगात मल्ल लगायतको पनि अभिनय रहनेछ।

**आजको विचार...**



एउटा... (दुई पेजमा)

इन्द्रबहादुर बराल

दुर्गेश थापाको गीत 'दुस्मन हेरेको हेरै' चर्चित हुँदा उनी यतिबेला मेलामहोत्सवका सांगीतिक कार्यक्रममा व्यस्त छन्। आफूलाई गायकभन्दा पनि पफर्मर भएको बताउने दुर्गेश महिनामा ३० दिन नै स्टेज कार्यक्रममा व्यस्त हुने गरेको बताउँछन्। शुक्रबार फोन सम्पर्क गर्दा दुर्गेश सल्यानमा थिए। शनिबार काठमाडौं र नवलपुरमा कार्यक्रम रहेको बताएरहेका थिए। उनले सामाजिक सञ्जालमा एउटा भिडियो राखेका थिए। जहाँ उनी हेलिकोप्टरमा थिए। हेलिकोप्टर चढेर स्टेज कार्यक्रममा हो भन्ने प्रश्नमा उनले भने- हो।



❒ वर्ष ३० ❒ अंक २१२ ❒ २०८१ फागुन १२ गते सोमबार 24 February 2025, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### ग्रिनेड विस्फोट हुँदा २ को मृत्यु

(रासस/एएफपी)

**नोमपेन,** फागुन ११/कम्बोडियामा भएको गृहयुद्धताका प्रयोग भएको विश्वास गरिएको हवाइ आक्रमणका लागि प्रयोग भएको ग्रेनेड घर नजिकै विस्फोट हुँदा कम्बोडियाका दुई बालबालिकाको मृत्यु भएको एक अधिकारीले आइतबार बताएका छन् । सन् १९८० र १९९० को दशकमा कम्बोडियाली सरकारी सैनिक र खमेर रुज लडाकुका लागि युद्धस्थल रहेको उत्तरपश्चिमी सिम रिप प्रान्तको दुर्गम गाउँमा शनिबार विस्फोट भएको हो । मृत्यु हुनेमा दुई वर्षका एक बालक र एक बालिका रहेका छन् । कम्बोडियन माइन एक्सन सेन्टर (सीएमएसी) का महानिर्देशक हेङ रतनाले एएफपीसँग भने, 'अनुसन्धान प्रतिवेदनअनुसार दुई जना बालबालिका खेल्ने क्रममा जमिनमा माटो खनिरहेको बेला खन्ने औजारले ग्रिनेडलाई कोप्दा विस्फोट भएको र विस्फोटका कारण ती दुई बालबालिकाको ज्यान गएको छ ।' उनकाअनुसार एक बालकको घटनास्थलमा नै मृत्यु भएको छ भने अर्का एक बालकको उपचारका क्रममा अस्पतालमा मृत्यु भएको छ । 'कम्बोडियामा पूर्ण रूपमा युद्ध समाप्त भएको छ र २५ वर्षभन्दा बढी समयदेखि शान्ति छ तर बारूदी सुर' र युद्धका अवशेषका कारण कम्बोडियाली जनताको रगत बगिरहेको छ,' हेङ रतनाले भने ।



# उखु पेल्दै किसान

पाल्पाको रैनादेवी छहरा गाउँपालिका-१ सिद्धेश्वरमा सखर उत्पादनका लागि गोरु नारेर उखु पेल्दै स्थानीय किसान । पछिल्लो समय मेसिनमै उखु पेल्ने चलन आएसँगै गाउँमा गोरु र हातैले मेसिन घुमाएर उखु पेल्नेहरू भने घटेका छन् । जिल्लाका केही ठाउँहरुमा मात्र यसरी गोरुले उखु पेलेको पाइन्छ । यहाँका पूर्वी भेग गेझा, खालीवन, पिलुवा, दर्छा लगायतका स्थानमा उखु खेती बढी हुन्छ । यहाँ मंसिर, पुस, माघमा उखु पेल्न सुरु हुन्छ । बेंसीतिर फागुन, चैतमा पेल्ने चलन छ । यहाँ उत्पादित सखर औषधीको लागि समेत प्रयोग गर्ने भन्दै उपभोक्ताले खरिद गरेर लाने गरेका छन् । **तस्वीर : रमेश राना/ एनजेडी**

## ६० लाखको सुन्तला बिक्री

**वालिङ (स्याङ्जा),** फागुन ११/ स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका-१ थापाथोकका कृषक फणिनारायण अर्यालले यस वर्ष ६० लाखको सुन्तला बिक्री गरेका छन् ।

व्यावसायिक रुपमा सुन्तलाखेती गर्दै आएका अर्याल सुन्तला बिक्री गरी जिल्लामै सबैभन्दा धेरै आम्दानी गर्ने कृषकसमेत हुन् । अर्यालले यस वर्ष ७५ मेट्रिकटन सुन्तला बिक्री गरेका हुन् । 'त्रिपुर बागवानी कृषि फार्म' दर्तागरी सञ्चालन गर्नुभएका अर्यालले ग्रेडिङ मेसिनमार्फत ग्रेडिङ गरी सुन्तला बिक्री गर्दै आएका छन् । यस वर्ष न्यूनतम ७० देखि अधिकतम एक सय २० प्रतिकिलोका दरले सुन्तला बिक्री गरी ६० लाख आम्दानी गर्न सफल भएको उनले बताए । 'यहाँ उत्पादन भएको सुन्तला काठमाडौंस्थित भाटभटेनी सुपरमार्केट, कालीमाटी तरकारी तथा फलफूल केन्द्र, बल्खु, नारायणगढलगायत बजारमा बिक्री गरेको हुँ', उनले भने, 'बर्सेनि सम्झौता भई बजारीकरण हुँदै आएकाले बिक्रीका लागि कुनै समस्या भएको छैन, अहिलेसम्म सहज नै छ ।' गत वर्षभन्दा यस वर्ष सुन्तला उत्पादनमा वृद्धि भए तापनि बजार मूल्य भने गत वर्षभन्दा कम परेको उनले बताए । गत वर्षजस्तो यस वर्ष स्याङ्जाको सुन्तलाको गुणस्तर राम्रो नभएकाले मूल्य कम परेको हो । गत वर्षको तुलनामा यस वर्ष झण्डै १० मेट्रिकटन सुन्तला उत्पादन बढी भए पनि बजार मूल्य कम हुँदा गत वर्षको र यस वर्षको आम्दानी समान रु ६० लाख हुन पुगेको उनी बताउन्छ । करिब ८० रोपनी क्षेत्रफलमा व्यावसायिक रुपमा सुन्तलाखेती गर्दै आउनुभएका अर्यालको फार्ममा हाल दुई हजार दुई सय सुन्तलाका बोट छन् । त्यसमध्ये दुई हजार बोटले उत्पादन दिन्छन् भने दुई सय साना बिरुवा छन् । अर्यालले २०३६ सालमा विद्यालयमा पढ्दै गर्दा २५ वटा सुन्तलाका बिरुवा ल्याएर सारेका थिए । सोही समयमा सारिएका बिरुवा राम्रो हुँदै गएपछि विसं २०४२, २०५० र हालसालै पनि सुन्तलाका बोट थप गरेका छन् । 'मेरो आम्दानीको मुख्य स्रोत नै सुन्तला हो', उनले भने,'आठ जनाको परिवारको शिक्षादीक्षा तथा घरखर्च सबै यसैबाट चलाएको छु ।' सुन्तला व्यवसायी अर्यालले आफ्नो फर्ममा उत्पादन गरेको सुन्तलासहित अन्य कृषकको पनि सुन्तला सङ्कलन तथा खरिद गरी बिक्रीसमेत गर्दै आएका छन् । -रासस

## नारायण युवा क्लवको सक्रियता : सुरक्षा सम्बन्धी सचेतना तथा अन्तर्क्रिया



**पाल्पा,** फागुन ११/तानसेनमा रहेको नारायण युवा क्लब समाजका हरेक गतिविधिहरुमा सक्रिय छ । खेलकूदको विकास, धार्मिक तथा पर्यटकीयस्थलहरुको संरक्षण, प्रवर्द्धन गर्नुको साथै समाजलाई सचेतना जगाउने कार्यमा क्लब सक्रिय हुँदै आएको हो ।

क्लवले शनिबार तानसेन नगरपालिका वडा नं. २ को सहयोग, जिल्ला प्रहरी कार्यालय पाल्पाको समन्वयमा एक दिने आधारभूत सुरक्षा सम्बन्धी सचेतना तथा अन्तर्क्रिया कार्यक्रम गरेको छ । पछिल्लो समय जिल्लामा चोरीका घटनाहरु, सवारी दुर्घटना, लैङ्गिक हिंसा, साइबरक्राइम, लागुऔषध दुर्व्यसनी जस्ता घटनाहरु बढ्दै गएकाले क्लवले तिनीहरुलाई नियन्त्रण गर्ने उद्देश्यले सुरक्षा सचेतना कार्यक्रम गरेको हो । शान्त र सभ्य समाज निर्माणका लागि सचेतनामूलक कार्यक्रम आयोजना गरिएको क्लवका अध्यक्ष प्रविनराज शाक्यले बताए । उनले भने 'पछिल्लो समय जानेर वा नजानेर युवाहरु लागुऔषध दुर्व्यसनीमा फस्ने गरेका छन्, अर्कोतर्फ सूचना प्रविधिको विकाससँगै साइबरक्राइमका घटनाहरुबाट आमनागरिक प्रताडी छन्, अझै पनि हाम्रो समाजमा आमा दिदीबहिनीहरु लैङ्गिक हिंसाको शिकार बन्नु परेको छ । यस्ता गतिविधिहरुलाई नियन्त्रण गर्नु हामी सबैको दायित्व हो । त्यसैले यी घटनाहरु हुन नदिनका लागि हामी सचेतनाको कार्यक्रम गरेका हौं ।' सुरक्षा सचेतना कार्यक्रमले केही भए पनि यस्ता घटनाहरु कम गर्ने विश्वास लिइएको अध्यक्ष शाक्यले बताए । कार्यक्रममा प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले क्लवले सचेतनामूक कार्यक्रममा देखाएको सक्रियता प्रशंसनिय रहेको बताए । उनले समाजलाई सही मार्गमा लैजान सबै नागरिकको दायित्व भएकाले त्यसतर्फ अग्रस हुन आग्रह गरे । विशिष्ट अतिथि जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक नरेन्द्र चन्दले प्रहरीले गर्दै आएको कार्यक्रमलाई क्लवले समेत अनुसरण गरेकोमा खुसी व्यक्त गरे । उनले समाजमा शान्ति र सुशासन कायम गर्न प्रहरी प्रतिवद्ध रहेको बताउँदै सबै संघ संस्थाहरुसँग समन्वय गरेर सचेतनाका कार्यक्रमहरु अगाडि बढाएको बताए । तानसेन-२ वडा अध्यक्ष तथा क्लबका पूर्व अध्यक्ष महेश्वर श्रेष्ठले आगामी दिनहरुमा पनि यस्ता सचेतनामूलक कार्यक्रमका लागि वडाबाट आवश्यक सहयोग गर्ने बताए । कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक चन्दले चोरीका घटनाहरु, सवारी दुर्घटना, लैङ्गिक हिंसा, साइबरक्राइम, लागुऔषध दुर्व्यसनी नियन्त्रणका विषयमा जानकारी गराएका थिए । अमर नारायण फुलबारी कभर्डहलमा भएको कार्यक्रममा जिल्ला ट्राफिक इन्चार्ज राम प्रसाद खनाल, तानसेन खानेपानी उपभोक्ता समितिका अध्यक्ष मोहन प्रसाद श्रेष्ठ, सामाजिक व्यक्तित्वहरुमध्र्दयाल सैंजु, नारायण प्रसाद कोइराला, क्लवका सल्लाहकार, वडाका जनप्रतिनिधि,टोल विकास संस्थाका प्रतिनिधि, सामुदायिक तथा निजी विद्यालयका शिक्षक/शिक्षिका लगायत स्थानीयवासीहरुको उल्लेखीय सहभागीता रहेको थियो । जिल्ला प्रहरी कार्यालयका इन्स्पेटर कमल प्रधान, जिल्ला ट्राफिक इन्चार्ज राम प्रसाद खनालले प्रशिक्षण दिएका थिए । क्लबका अध्यक्ष प्रबिन राज शाक्यको अध्यक्षता, क्लबका सचिव विनायक महर्जनको सञ्चालनमा कार्यक्रम भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## जलवायु परिवर्तनको प्रभाव

नेपालमा जलवायु परिवर्तनको असर तीव्र रूपमा देखिन थालेको छ । तापक्रम वृद्धिदेखि लिएर अनियमित मौसम प्रणालीसम्मका समस्या नेपालमा जलवायु परिवर्तनका प्रत्यक्ष प्रभाव हुन् । जुन समयमा जे हुनुपर्ने हो यसको प्रभावले गर्दा त्यसो हुनसकेको छैन । प्रकृति प्रदत्त नियम मानवीय क्रियाकलापले गर्दा बिग्रन गई त्यसमा असन्तुलन सिर्जना भएर फरक परिणाम देखिने गरेको छ । यसले गर्दा समग्र वनस्पति, प्राणी तथा मानवलाई समेत प्रभावित बनाएको छ । पछिल्लो समय नेपालको हिमाली भेगमा अत्यन्तै न्यून मात्रामा हिउँ देखिन थालेको छ । जसले गर्दा समयमा पानी नपर्ने, पानी नपरेपछि पर्याप्त उब्जनी नहुने, खाद्य संकटजस्ता परिस्थिति सामना गर्नुपर्ने जस्ता स्थिति देखिन थालेका छन् ।

अहिले सुक्खा याममै वनजंगलमा आगलागी भएका घटनाहरु समेत आएका छन् । पानी नपरी वातावरणमा धुवाँ–धुलो जम्मा भएर बस्नाले प्राणीहरूको श्वासप्रश्वास प्रक्रिया प्रभावित बनिरहेको छ । राम्ररी सास फेर्न नपाउने र प्रदूषणयुक्त सास फेर्नुपर्ने बाध्यताले गर्दा मानिसमा रोगव्याधी सिर्जना हुन जान्छ । न राम्ररी घाम लाग्न सकेको छ न त पानी नै पर्न सकेको छ । यसले गर्दा वातावरण कचल्टिन पुगेको अवस्था छ र मानिसहरू बिरामी हुने क्रम बढ्न पुगेको छ । यस पटकको हिउँद 'सुख्खा हिउँद'का रूपमै बित्न लागेको छ । हिउँले सेतै ढाकिनुपर्ने हिमालहरूमा हिउँ पर्न सकेको छैन । ती अग्ला पर्वत हिउँ नभएपछि हिमालयको अस्तित्व जोगाएर रहन सक्नेछैनन् । ती त बिस्तारै काला पहाडमा रूपान्तरण हुँदै गएका छन् । यी सबै जलवायु परिवर्तनका कारणले गर्दा नै भएको हो । त्यसैले समयमा यसको नियन्त्रण र रोकथामसम्बन्धी सरकारको ध्यान केन्द्रित हुनु आवश्यक छ । जलवायु परिवर्तनको असर कम गर्न दीर्घकालीन समाधानका लागि सरकारले ठोस नीति अवलम्बन गर्नुपर्छ । जलवायु परिवर्तन न्यूनीकरणका लागि नवप्रवर्तनशील उपायहरू अवलम्बन गर्दै अन्तर्राष्ट्रिय समुदायलाई सहयोग गर्न दबाब दिनुपर्छ । नेपालका हिमाली क्षेत्रको रक्षा गर्नु भनेको यहाँको जलस्रोत, जैविक विविधता, पर्यटन र समग्र मानव अस्तित्व जोगाउनु हो । तसर्थ जलवायु परिवर्तनको असरप्रति सरकारले उचित कदम चाल्न जरुरी छ ।

### Opinion @ Social Network

आभारी त म कसै प्रति छैन
म मेरो हरेक कठिन् परिस्थितिमा एक्लै हुन्छु ।
(**कमला बस्यालको फेसबुक पेजको स्टाटस** *https://www.facebook.com/(Kamala.12)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# एउटा वक्तव्यले आतंकित र त्रसित राजनीति



**इन्द्रबहादुर बराल**

> *बढ्दो शैक्षिक बेरोजगारीले आज ठूलो समस्या पैदा गरेको छ । बेरोजगार युवाहरू चाहे ती पढेलेखेका हुन् वा अपठित सबै खाले आजको मुख्य समस्या हो । राणाहरूले शिक्षण संस्थाहरू खोल्दा आफ्ना खुट्टामा आफैंले बञ्चरो हानेको महसुस गरेका थिए रे । शिक्षित समाजका नागरिकहरू सबै खाले बेथितिलाई टुलुटुलु हेरेर बस्दैनन् । आहिले त्यही भएको छ नेपालमा । तुलनात्मक अध्ययन गर्दा वर्तमान नेपालमा शिक्षाको विकास भएको छैन भन्नु अन्याय हुन्छ । होला कहिँकतै छिटफुट मात्रामा शिक्षाको उज्यालो नपुगेको पनि हुनसक्छ तर त्यसो भन्दैमा केही पनि भएको छैन भन्नु सही नहुन सक्छ । समयको गति अगाडि बढिसकेको सन्दर्भमा पूर्र्वराजाले आफ्नो थप स्थानको खोजी गर्नु मनासिब हो कि होइन यस विषयमा बहस आवश्यक देखियो । तर, ७५औं प्रजातन्त्र दिवसको पूर्वसन्ध्यामा उहाँले दिएको वक्तव्यले प्रष्ट रूपमा सक्रिय स्थान खोजेको बुझ्न सकिन्छ । पूर्वराजाको सन्देशपश्चात् राजनीतिक बृत्तमा ठूलै खैलाबैला फैलिएको छ ।*

पूर्वराजा ज्ञानेन्द्र शाहले ७५औं प्रजातन्त्र दिवसको पूर्वसन्ध्यामा दिएको एउटा सन्देश अहिले चर्चाको शिखरमा छ । विशेष गरेर गणतन्त्रवादी नेताहरूको निन्द्रा हराएको छ । देश अहिले व्याप्त असन्तुष्टि र निराशाले ढपक्क ढाकेको अवस्थामा ज्ञानेन्द्र शाहको त्यस वक्तव्यले कांग्रेस र कम्युनिष्टहरू आतंकित र त्रसित हुनु स्वाभाविकै हो । अर्को कांग्रेस र कम्युनिष्टहरू आफैं आन्तरिक झगडाले रुमलिएको स्थितिमा गद्दीच्युत राजाले आफ्नो उपस्थिति खोज्नुले परिस्थिति थप जटिल र अन्योलग्रस्त देखिनु कुनै नौलो कुरा भएन । उता नेपाली कांग्रेसमा पनि महाधिवेशनको विषयलाई लिएर विवाद छताछुल्ल भएको छ भने कम्युनिष्ट नामका पार्टीहरूमा पनि त्यही हबिगत छ । यता देशका कथित मुख्य भनिएका दलहरूप्रति आम नेपालीहरूको विश्वास घट्दो अवस्थामा पूर्वराजाले दिएको सन्देश निकै चोटिलो र पेचिलो बनेको छ । अरूभन्दा पनि 'गद्दी त्यागेको विषयलाई कमजोरी नठानियोस्' भन्ने वाक्यांशले गणतन्त्रादीलाई आतंकित र त्रसित बनाएको हुनुपर्छ । यद्यपि देखिने गरी कुनै त्यस्तो भाव नझल्किए पनि कहिँ न कहिँ चोटिलो प्रहार पक्कै पनि भएको छ भन्ने बुझ्न सजिलै सकिन्छ । पूर्वराजाबाट पनि परिस्थितिको सही समीक्षा र मूल्यांकन नगरी त्यसै झटारो हानिएको होला भन्न सकिँदैन । यसै पनि दलहरू (कांग्रेस कम्युनिष्टहरू)प्रति जनताको असन्तुष्टि चरमचुलीमा पुगेका बेला पूर्वराजाको झटारोले नि:सन्देह मर्म–मर्ममा हानेको छ । यसर्थ ज्ञानेन्द्र शाहले आफ्नो उपस्तिथि खोज्नका लागि हानिएको झटारोलाई त्यति अन्यथा लिइएको जस्तो पनि देखिँदैन । यद्यपि प्रजातन्त्रको पुनर्स्थापना र गणतन्त्र स्थापनासम्म आइपुग्दाको भौतिक विकासको तुलनात्मक अध्यान, विश्लेषण गर्ने हो भने केही नभएको भने होइन तर पनि जनताको चाहना र आवश्यकता तीव्रगतिमा बढेकाले केही नभएको हो कि भन्ने भान पर्न गएको छ । अहिले सबैभन्दा बढी र विकराल रूप हो शैक्षिक बेरोजगार ।

बढ्दो शैक्षिक बेरोजगारीले आज ठूलो समस्या पैदा गरेको छ । बेरोजगार युवाहरू चाहे ती पढेलेखेका हुन् वा अपठित सबै खाले आजको मुख्य समस्या हो । राणाहरूले शिक्षण संस्थाहरू खोल्दा आफ्ना खुट्टामा आफैंले बञ्चरो हानेको महसुस गरेका थिए रे । शिक्षित समाजका नागरिकहरू सबै खाले बेथितिलाई टुलुटुलु हेरेर बस्दैनन् । आहिले त्यही भएको छ नेपालमा । तुलनात्मक अध्ययन गर्दा वर्तमान नेपालमा शिक्षाको विकास भएको छैन भन्नु अन्याय हुन्छ । होला कहिँकतै छिटफुट मात्रामा शिक्षाको उज्यालो नपुगेको पनि हुनसक्छ तर त्यसो भन्दैमा केही पनि भएको छैन भन्नु सही नहुन सक्छ । समयको गति अगाडि बढिसकेको सन्दर्भमा पूर्र्वराजाले आफ्नो थप स्थानको खोजी गर्नु मनासिब हो कि होइन यस विषयमा बहस आवश्यक देखियो । तर, ७५औं प्रजातन्त्र दिवसको पूर्वसन्ध्यामा उहाँले दिएको वक्तव्यले प्रष्ट रूपमा सक्रिय स्थान खोजेको बुझ्न सकिन्छ । पूर्वराजाको सन्देशपश्चात् राजनीतिक बृत्तमा ठूलै खैलाबैला फैलिएको छ । ज्ञानेन्द्र शाहको एउटा वक्तव्यले यस्तो तरंग ल्याइदिएको छ कि कतै उत्साह र उमंग देखिएको छ भने कतै भय र आशंका पैदा गरिदिएको छ । राजावादीहरू चुमुकचुमुक चम्किएका छन् । दुर्गा प्रसाईं त सामाजिक सञ्जालमा भन्दैथिए म अब राजालाई हातमा समाएर दरबार लान्छु । हेरौं आर्मी पुलिसले के गर्छन् ? यति धेरै अराजक देखिएका दुर्गा प्रसाईं के पैसाकै बलमा मात्रै हो कि या अरू कुनै शक्तिको आडभरोस पनि छ त्यो त निकट भविष्यमा प्रष्टिँदै जानेछ तर खासै औपचारिक शिक्षा नपाएका प्रसाईं माओवादी र नेकपा एमालेबाट राजनीतिक प्रशिक्षण भने पाएका मान्छे रहेछन् । चाहे जे होस् उनको चुरिफुरी उनको कदभन्दा धेरै माथि भएको अनुभव गरिँदैछ । माओवादी केन्द्रका अध्यक्ष क.प्रचण्ड ज्ञानेन्द्र शाहको वक्तव्यपछि केही नरम भाषामा प्रकट भएका छन् र जनताको पक्षमा सबै मिलेर काम गर्नुपर्ने बताए । सत्तारुढ दलहरूको कुनै त्यस्तो प्रतिक्रिया सार्वजनिक भएको सुनिएको छैन । ज्ञानेन्द्र शाहको वक्तव्यलाई सत्तासीन दलहरूले खासै कुनै महत्व दिएजस्तो देखिँदैन । बरू डा.बाबुराम भट्टराईले भने पूर्वराजाले सीमा नाघे ठेगानमा राख्नुपर्छ भनेको सुनियो तर आमनागरिकमा भने त्यति नकारात्मक असर परे जस्तो देखिँदैन । पूर्वराजाको सन्देशलाई सकारात्मक रूपमै बुझेको पाइन्छ । यसको मुख्य कारण हो भ्रष्टाचारको दुर्गन्ध । अर्को कारण हो युवाशक्ति पलायन हुनु । तस्रो हो देशमा रोजगारी सिर्जना नहुनु र चौथो हो कृषियोग्य जमिन बाँझै रहनु । यी र यस्तै कारणले यो लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाप्रति जनताको विश्वास टुट्दै गएको मौका छोपी ज्ञानेन्द्र शाहले झटारो हानेका हुन कि भन्ने अनुमान गर्न सकिन्छ । कसै–कसैले त चीन, भुटान, भारतसँगको सहयोग र साथ पाउने अश्वासन पश्चात् मात्र ७५औं प्रजातन्त्र दिवस पारेर वक्तव्य रूपी झटारो हानेका हुन् पनि भनिन्छ । कतै त यस्तो पनि सुनियो कि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प ज्ञानेन्द्र शाहको व्यापारिक साझेदार हुन् । त्यसैले ट्रम्पको हालैका कदम पूर्वराजाका लागि सघाउ पुऱ्याउन गरिएको हो पनि भन्छन् । जे होस् धमिलो पानीमा माछा मार्नेहरूका लागि यो वक्तव्य सहायक सिद्ध हुने नै भयो । कहिलेकाहिँ यस्ता भनाइ चाहे त्यो वक्तव्यको रूपमा बुझौं या सन्देश तर त्यसले ठूलै तरंग ल्याइदिएको छ । यसलाई हल्का रूपले लिनु हुँदैन भन्ने बुझ्न जरुरी छ । पूर्वराजा ज्ञानेन्द्र शाह २४० वर्ष लामो बिरासत प्राप्त उत्तराधिकारी थिए भन्ने कुरा बिर्सनु हुँदैन । अब गणतन्त्रवादीहरू गम्भीर हुनुपर्ने देखिन्छ । यो गणतन्त्र किन डग्मगाउन थालेको छ भन्ने तथ्य जगजाहेर नै छ त्यो हो भ्रष्टाचार । भ्रष्टाचारका सिलसिलाहरू खात लागेर बसेका छन् । ती भ्रष्टाचार भयो भनिएका फाइलहरू एक–एक गरी केलाउनुपर्छ । आफ्नो र अर्को नभनी पुर्पक्ष नगरी चाहे जोसुकै परून् कानुनको कठघरामा उभ्याउनुपर्छ अनिमात्र गुम्दै गएको जन–विश्वास आर्जन गर्न सकिन्छ । आफू शक्तिमा हुँदा निदाएर बस्ने बाहिरिएपछि पश्चाताप गर्ने भुल कहिल्यै गर्नुहुँदैन । यदि हिम्मत छ भने बहुचर्चित गिरिबन्धु टिस्टेटको जग्गा सट्टापट्टा गर्न दिने मन्त्री परिषद् निर्णयमाथि छानविन हुनुपर्छ । त्यस्तै नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाएर पैसा कुम्ल्याउने र देशको शिर झुकाउनेमाथि तुरुन्त कारबाही प्रक्रिया अघि बढाउनुको विकल्प खोज्नतिर लाग्न हुँदैन । यति गरेपछि रवि लामिछानेको मुख पनि थुनिन्छ । एउटा आश्चर्यको कुरा के छ भने गाउँगाउँ र घरघरमा संगठन पुगेका यत्रा ठूला दलहरू किन यति कमजोर छन् ? एउटा व्यक्ति दुर्गा प्रसाईं किन यति उच्च–मनोबलका साथ हिँडेका छन् ? यस्ता जिज्ञासाहरू अझै अनुत्तरित नै छन् । तथापि दलहरू विशेष गरेर कम्युनिष्ट र कांग्रेस किन जनआवाजलाई बेवास्ता गरिरहेका छन् ? यही चालले देश चलाउँछौं भन्ने भ्रम पालिराख्ने हो भने निश्चय पनि दुर्भाग्यका दिन धेरै टाढा हुने छैनन् । यो कुनै कल्पनाशील कुरा होइन, ज्ञानेन्द्र शाहले हालै दिएको वक्तव्य नै काफी छ । तसर्थ परिस्थिति त्यति अनुकूल छैन गणतन्त्रका लागि । परिस्थिति अनुकूल हुँदैगरेको देखेर नै ज्ञानेन्द्र शाहले झटारो हानेका हुन भन्न कुनै अप्ठेरो मान्नुपर्दैन । राजनीतिक विश्लेषकका कुरा सुन्दा पनि पूर्वराजाको सन्देश लोकतान्त्रिक गणतन्त्रका लागि त्यति सुखद् छैन ।

एकातिर लोकतान्त्रिक गणतन्त्रवादीहरू चर्को विवादमा पर्ने अर्कोतिर पूर्वराजाले आफ्नो स्थानको खोजी गर्नु संयोगमात्रै भन्न सकिने ठाउँ देखिँदैन । यसर्थ विकसित पछिल्लो परिस्थितिलाई गम्भीर भएर सोच्नुपर्ने बेला आइसकेको छ । त्यसैले सुशासनको दिशामा पाइला चाल्न अब कत्ति पनि ढिला गर्नु हुँदैन । हालै प्रतिनिधिसभामा माननीय डा.स्वर्णिम वाग्लेले प्रस्तुत गर्नुभएको विवरण अत्यन्तै आक्रमक र चोटिलो छ । यस विषयले पनि राजावादीहरूको मनोबल बढाएको छ । सरकार र नेताहरू प्रतिका आरोप र आक्षेपहरू आपत्तिजनक छन् जसबाट गणतन्त्रको रक्षा हुन सक्दैन । यसर्थ सरकार र नेताहरूमाथि लगाइएका आरोप र लाञ्छनाहरूबाट छिटोभन्दा छिटो सफाइ लिनुपर्छ । अन्यथा गणतन्त्र बाई बाई हुने सम्भावना नकार्न सकिँदैन । पूर्र्वराजाको एउटा वक्तव्यले गणतन्त्र स्वाहा हुने दिन धेरै टाढा छैन । आतंकित र त्रसितमात्र भएर केही हुनेवाला छैन ।

*–इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०११९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सही मार्गदर्शन मिल्नेछ। व्यापारिक लेनदेनमा अरुमाथि विश्वास नगर्नुहोला। | **तुला** : लगनशीलताले कार्य गर्नुहोस् कार्यमा सफलता मिल्नेछ। धनलाभ हुनेछ। |
| **बृष** :कौतुहलताबाट छुटकारा मिल्नेछ। यात्रा गर्दा सामानको जिम्मेवारी स्वयं राखौं । | **बृश्चिक** : सबैको सल्लाहले निर्णय लिनुहोला। सकारात्मक सोचले अगाडि बढ्नुहोस्। |
| **मिथुन** :मेहनतले लक्ष्यमा पुऱ्याउनेछ। प्रेमिकासँग मनमुटाव हुने समय रहेको छ। | **धनु** :नयाँ कामको सुरुवात हुनेछ। राज्य पक्षबाट शुभ समाचार सुन्न पाउनुहुनेछ। |
| **कर्कट** : प्रतिष्ठा हासिल गर्न सक्नुहुनेछ। कार्य सम्पादन नहुनाले चिन्ता रहनेछ। | **मकर** : विद्यार्थीहरूको पठनपाठनमा मन लाग्नेछ। फिजुल खर्चबाट जोगिनुहोस्। |
| **सिंह**: इष्टमित्रहरूलाई प्रसन्न पार्न सकिनेछ। लाभकारी योजनाहरू गुमाउन सक्नुहुनेछ। | **कुम्भ** : व्यापार व्यवसायमा पारदर्शिता राख्नुहोस्। अरुलाई सल्लाह दिनदेखि बच्नुहोस्। |
| **कन्या** : आफन्तहरूसँग मनमुटाव हुन सक्ला।सोचेजस्तो सफलता नमिल्ला। | **मीन** : पेशामा पदोन्नतिका योग छन्। उपलब्धिका लागि दोहोर्याएर काम गर्नुपर्ला। |

# शिक्षा

# ओडिसाको किट विश्वविद्यालय कसरी पुगे यतिका नेपाली विद्यार्थी ?




भारतको ओडिसास्थित केआईआईटी विश्वविद्यालयमा अध्ययनरत नेपाली विद्यार्थी प्रकृति लम्सालको मृत्युले स्तब्ध बनायो । उनको 'आत्महत्या'पछि उक्त विश्वविद्यालयले नेपाली विद्यार्थीमाथि गरेको दमन र दुर्व्यवहारका कारण नेपाल र भारत दुवैतर्फ तरंग पैदा गर्‍यो । अहिले अवस्था सामान्य बने पनि नेपाली विद्यार्थी अझै विश्वविद्यालय फर्किसकेका छैनन् । होस्टेलभित्र भएको कुटपिट तथा जबर्जस्ती होस्टेलबाट निकालिएको घटनापछि नेपाली विद्यार्थीहरू त्रासमा छन् । उनीहरू तत्कालै विश्वविद्यालय फर्किन मानसिक रूपमा तयारसमेत छैनन् । त्यसका लागि केआईआईटी विश्वविद्यालय तथा भारत सरकारले विद्यार्थीहरूलाई सुरक्षा प्रत्याभूति दिलाउने प्रयास गरिरहेका छन् । एक हजार एक सय ६० नेपाली विद्यार्थी अध्ययनरत उक्त विश्वविद्यालयमा भएको उक्त घटनाले यतिको संख्यामा नेपाली विद्यार्थी कसरी त्यहाँ पुगे भन्ने प्रश्न उठेको छ । नेपालको सरकारी निकायहरू नै चकित पर्ने खालको विषयवस्तु बाहिर आएको छ ।

नेपालबाट विदेशमा पढ्न जान शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट अनुमति (एनओसी) लिनुपर्ने हुन्छ । शिक्षा मन्त्रालयअन्तर्गत वैदेशिक अध्ययन अनुमति शाखाले चालु आर्थिक वर्षको फागुन २ गतेसम्म दुई हजार १७ जनालाई भारत पढ्न जान एनओसी दिएको थियो । त्यस्तै गत वर्ष २०८०/०८१ मा दुई हजार २८९ विद्यार्थीले भारतका लागि एनओसी लिएको देखिन्छ । तर, एउटा विश्वविद्यालयमा एक हजारभन्दा बढी विद्यार्थी पढिरहेका छन् । जसले गर्दा नेपालबाट एनओसी नै नलिई विद्यार्थी केआईआईटीमा पढ्न गएको सरकारी अधिकारीहरूको बुझाइ छ । एनओसी शाखाका प्रमुख रमेश घिमिरेले एनओसी जारी भएको र केआईआईटीमा पढिरहेको तथ्यांक हेर्दा एनओसी नलिई पनि पढ्न जाने गरेको देखिएको बताए । भारतभरका लागि वार्षिक २ हजार हाराहारीमा एनओसी जारी भएको देखिन्छ । तर, केआईआईटीमा मात्रै एक हजार दुई सय हाराहारीमा विद्यार्थी पढिरहेकाले भारत पढ्न जाने धेरै विद्यार्थीले एनओसी नलिने गरेको देखिएको हो । 'तथ्यांक र पढ्ने विद्यार्थीको संख्या हेर्दा भारतमा कतिपय विद्यार्थीले एनओसी नलिई गएको देखियो । खुला सिमानाका कारण इमिग्रेसनमा समस्या हुँदैन,' शाखा प्रमुख घिमिरेले भने, 'कतिपयले विश्वविद्यालय पुगेर पढ्न थालेपछि माग्ने गरेका छन् । कतिपयलाई एनओसी चाहिन्छ भन्ने पनि थाहा छैन ।' भारतसँग खुला सिमा तथा भिसा नचाहिने भएकाले विद्यार्थीहरूलाई कलेजको शुल्क तिर्न समस्या हुँदैन । विद्यार्थीहरूलाई बैंकमार्फत कलेजको शुल्क बुझाउन एनओसी आवश्यक पर्छ । तर, भारतको हकमा त्यस्तो नहुने भएपछि विद्यार्थीहरूले एनओसी नलिएको हुन सक्ने उनको भनाइ छ । कुन विश्वविद्यालयका लागि कति जनालाई एनओसी दिएको भन्ने तथ्यांक नहुने घिमिरेको भनाइ छ । जसले गर्दा केआईआईटीका कति एनओसी जारी भएको भन्न नसकिने उनले बताए । विदेशमा उच्च शिक्षा पढ्न एनओसी अनिवार्य चाहिन्छ । एनओसी नलिई पढ्न गएका विद्यार्थीलाई पछि नेपाल फर्किने बेला समकक्षता लिनसमेत समस्या हुने गरेको छ । तर, भारत जाने विद्यार्थीहरूको हकमा एनओसी अनिवार्य लिनुपर्छ भन्ने ज्ञान नहुँदा समस्यामा पर्ने गरेका छन् । भारतलगायत देशबाट उच्च शिक्षा पढेर फर्किएपछि त्रिभुवन विश्वविद्यालयबाट समकक्षता लिनुपर्ने हुन्छ । नेपालको पाठ्यक्रम र उताको पाठ्यक्रम हेरेर क्रेडिट आवरका आधारमा त्रिविले समकक्षता दिने गरेको छ ।

**कुन-कुन कन्सल्टेन्सीबाट जान्छन् ?**
नेपालबाट केआईआईटीमा जाने विद्यार्थीहरू विभिन्न माध्यमबाट जाने गरेका पाइएको छ । कोही विद्यार्थी सीधा विश्वविद्यालयसँग सम्पर्क गरेर पनि जाने गरेका छन् । कोही विद्यार्थी स्टडी इन इन्डियामार्फत छात्रवृत्ति पाएर जाने गरेका छन् भने कतिपय नेपालमा रहेका कन्सल्टेन्सीमार्फत जाने गरेको पाइन्छ ।बुटवलमा रहेका एफलिन्डरर्स एजुकेसनल नेटवर्क प्रालिले अहिलेसम्म ६० विद्यार्थीलाई केआईआईटीमा पढ्न पठाएको छ । गत वर्ष मात्रै १८ जना विद्यार्थीलाई उसले पठाएको थियो । प्रालिका म्यानेजिङ डाइरेक्टर योगेश ढकालले केआईआईटीमा पढ्न जान चाहने विद्यार्थीलाई सहजीकरण गर्दै आएको बताए । उनीहरूको होस्टेल व्यवस्था, अफर लेटरदेखि लिएर छात्रवृत्तिका लागि समेत सहजीकरण गर्दै आएको ढकालको भनाइ छ । केआईआईटीमा चार वर्षे बीई (ब्याचलर अफ इन्जिनियरिङ) पढ्न १२ लाख २० हजार भारु शुल्क लाग्छ । त्यस्तै छात्रवृत्ति पाउने विद्यार्थीहरूले पूर्ण रूपमा नि:शुल्क तथा ६० प्रतिशतसम्म छात्रवृत्ति पाउने गरेका छन् । उनको संस्थाबाट बुटवल, भैरहवा, काठमाडौं र विराटनगरका विद्यार्थी पढ्न गएका छन् । त्यस्तै वीरगञ्जमा रहेको एक्सल वर्ल्ड एजुकेसनल कन्सल्टेन्सीले गत वर्ष ३० जना नेपाली विद्यार्थी केआईआईटीमा पढ्न पठाएको थियो । संस्थाका विनय गिरीले आफ्नो संस्थामार्फत गएका विद्यार्थीहरू सबै सुरक्षित रहेका जानकारी दिए । भारतले 'स्टडी इन इन्डिया'मार्फत विदेशी विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्दै आएको छ । संसारभरिका विद्यार्थीहरूलाई अवसर दिने मनशायले भारत सरकारले नै उक्त पोर्टलमार्फत यस्तो गर्दै आएको हो । त्यस्तै भारतीय दूतावासमार्फत पनि विद्यार्थीहरूले छात्रवृत्ति पाउने गरेका छन् । छात्रवृत्ति नपाउने विद्यार्थीहरू महँगो शुल्क तिरेरसमेत पढ्न जाने गरेका छन् । केआईआईटीमा १२ लाख २० हजारदेखि १७ लाख ६० हजार भारु तिरेरै भए पनि नेपाली विद्यार्थीले इन्जिनियरिङ पढ्दै आएका छन् । वीरगञ्जमै रहेको अनस्टपेबल एजुकेसन कन्सल्टेन्सी, आभ्रिज नेपाललगायत कन्सल्टेन्सीले समेत नेपाली विद्यार्थी केआईआईटीमा पठाउने गरेका छन् । केआईआईटीमा चार वर्षे बीटेक इन कम्प्युटर साइन्स एन्ड इन्जिनियरिङका कोर्सहरू पढ्न १७ लाख ६० हजार भारु शुल्क तोकिएको छ । त्यस्तै दुई लाख ७१ हजार भारु होस्टेलका लागि, भर्ना तथा कन्सुलिङ शुल्क ७४ हजार गरेर २१ लाख ५ हजार भारु शुल्क तिर्नुपर्ने हुन्छ । नेपाल शैक्षिक परामर्श संघ (इक्यान) का महासचिव दीपक भुसालले कति संस्थाहरूले भारतमा विद्यार्थी पठाउने गरेका यकिन जानकारी नभएको बताए । केआईआईटीमा भएको घटनापछि विज्ञप्ति जारी गरेको ईक्यानले विद्यार्थी पठाउने कन्सल्टेन्सीहरूको सोधीखोजी गरेको थियो । तर, अहिलेसम्म कतिवटा कन्सल्टेन्सीले पठाउने गरेको ठ्याक्कै थाहा नभएको भुसालले बताए । त्रिभुवन विश्वविद्यालयले २०७६ सालदेखि हालसम्म केआईआईटीमा पढेका २० नेपाली विद्यार्थीलाई समकक्षता प्रदान गरेको छ । त्रिवि पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशक प्राडा पारसनाथ यावदले विभिन्न विषयमा समकक्षता प्रदान गरिएको बताए ।

**समकक्षता रोक्ने शिक्षा मन्त्रालयको चेतावनी** : शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले भारतको ओडिसा राज्यका विश्वविद्यालय तथा शिक्षण संस्थाका लागि प्रदान गर्ने एनओसी रोक्ने चेतावनी दिएको छ । प्रकृतिको मृत्यु प्रकरणलाई न्यायपूर्ण र वैधानिक रूपमा समाधान नगरिए भविष्यका लागि ओडिसामा अध्ययनका लागि प्रदान गर्दै आएको एनओसी स्थगित गर्ने चेतावनी दिएको हो । मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले विज्ञप्ति जारी गर्दै उक्त चेतावनी दिएका थिए । विद्यार्थीहरूले सम्बन्धित विश्वविद्यालयले निर्धारण गरेको नियम पालना गरी नियमानुसार बुझाउनुपर्ने शुल्क बुझाई अध्ययन गर्न पाउने विश्वव्यापी मान्यताविपरीत अध्ययनरत गरिरहेको अवस्थामा विश्वविद्यालय प्रशासनबाट विद्यार्थीप्रति भएको व्यवहार निन्दनीय रहेको जनाएका हुन् । *-रातोपाटी डटकम*

# समाजको मनोभावनालाई बुझेर अध्ययन गर्नुपर्छ

गण्डकी विश्वविद्यालयका कुलपति एवम् नेपाल समाजशास्त्र सैका अध्यक्ष प्राडा गणेशमान गुरुङले समाजशास्त्रीले समाजको मनोभावनालाई बुझेर अध्ययन अनुसन्धान गर्नुपर्नेमा जोड दिएका छन् । पाटन संयुक्त क्याम्पसको समाजशास्त्र विभागद्वारा आज यहाँ आयोजित समाजशास्त्र विषयको स्नातकोतर तह प्रथम सेमेस्टरका विद्यार्थीहरुको स्वागत तथा अभिमुखीकरण कार्यक्रममा कूलपति प्राडा गुरुङले समुदायको आवश्यकता सम्बोधन हुने गरी सामाधान दिने काम समाजशास्त्रीको भएको बताए । 'सामाजशास्त्रीय लेख रचना गर्दा सार्वजनिक समाजशास्त्रलाई ध्यान दिनुहोला, कामका आधारमा हरेक विषयको प्रयोगात्मक अभ्यासको आधारमा नम्बर दिने वातावरण तयार हुनुपर्छ, नम्बर दिनका लागि प्राध्यापकलाई दबाब र प्रभावमुक्त बनाइनुपर्छ, विद्यार्थीलाई नेताका राजनीतिक स्वार्थमा नलागेर अध्ययन गर्न आग्रह गर्दछ', कूलपति प्राडा गुरुङले भने । उनले समाजशास्त्र र मानवशास्त्र एकापसमा अन्तरसम्बन्धित रहेकाले दुवै विषयलाई एकै पाठ्यक्रममा समेटेर अध्यापन गराउन आवश्यक रहेको बताए । उनले समयको परिपालना गरेर अध्ययन र अध्यापन गराउन प्राध्यापक र विद्यार्थीलाई ध्यान दिन आग्रह गरे । प्राडा गुरुङले विगतमा लोकतन्त्र ल्याउन विद्यार्थी नेताहरूले ठूलो योगदान गरेको स्मरण गर्दै विद्यार्थीहरुले क्याम्पसको अध्ययन गर्ने वातावरण तयार गर्न ध्यान दिनुपर्ने बताए । उनले अध्ययनका क्रममा स्थलगत अध्ययन अनुसन्धान अत्यन्तै कठिन भएको उल्लेख गर्दै समाजशास्त्रीले समाजका मानिसको मनोभावनालाई बुझेर अध्ययन अनुसन्धान गर्न सक्नुपर्ने तर्फ विद्यार्थीहरुको ध्यानाकर्षण गराए । पाटन संयुक्त क्याम्पसका प्रमुख सहप्राध्यापक डा रघुबीर बिष्टले विकासको कुरा गर्दा समाजको आयमलाई ध्यान दिनुपर्छ भने । उनले समाजमा खुसी नछाएसम्म विकासको अर्थ रहँदैन भन्नुहुँदै समाजको मनोविज्ञान बुझेर नीति निर्माणका विषयमा योगदान पुर्‍याउन विद्यार्थीहरुको अध्ययन अनुसन्धान महत्त्वपूर्ण हुनेछ भने । सहप्राध्यापक डा बिष्टले विद्यार्थीहरुलाई पूर्णकालीन रुपमा अध्ययनमा क्रियाशील भएर समाजमा घुलमिल हुँदै अध्ययन गर्न आग्रह गरे । उनले समाजको मनोविज्ञानलाई बुझेर देशको अवस्थालाई सुधार्न लाग्नुपर्ने आवश्यकता रहेकोमा जोड दिए । समाजशास्त्र विभागका प्रमुख डा मदनराज बिष्टले समाजशास्त्रको बिकासमा पाटन क्याम्पसले खेलेको भूमिकाबारे चर्चा गरे । उनले क्याम्पसमा यसवर्ष स्नातकोत्तर तहको प्रथम सेमेस्टरमा १३० जना विद्यार्थी भर्ना भएको जानकारी गराए । सहप्राध्यापक राम केसीले यस वर्षदेखि नयाँ पाठ्यक्रममा आधारित रहेर पढाइ हुने जानकारी गराउँदै त्रिभुवन विश्वविद्यालयको शैक्षिक पात्रो अनुसार पढाइ र परीक्षा व्यवस्थापन हुने बताए । स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुको परीक्षा ६० प्रतिशत लिखितका आधारमा र ४० प्रतिशत प्रयोगात्मक आधारमा हुनेछ । प्रत्येक दिनको मूल्याङ्कनका आधारमा प्रयोगात्मक परीक्षाको नम्बर दिइने जानकारी गराउँदै उनले नियमित रुपमा कक्षामा उपस्थित हुनका साथै कक्षागत छलफल र प्रस्तुतिकरणमा ध्यान दिन विद्यार्थीहरुलाई आग्रह गरे । स्नातकोत्तर चौथो सेमेस्टरका विद्यार्थी कृष्णविनोद झा, स्वतन्त्र विद्यार्थी युनियनका सदस्य नितिन पाण्डे, नेपाल विद्यार्थी सै पाटन संयुक्त क्याम्पसका उपाध्यक्ष रुपक न्यौपाने, विद्यार्थी नेता मोहन बुढा, अखिल क्रान्तिकारीका नेता टीकाराम खत्री, अनेरास्ववियुका नेता तिलक कुमाललगायतले क्याम्पसको पढाई र भौतिक व्यवस्थापन राम्रो रहेको जानकारी गराउँदै नवआगन्तुक विद्यार्थीहरुलाई अनुशासित रुपमा कक्षामा निरन्तर उपस्थित भइ अध्ययन गरी सफलता हासिल गरी सक्षम हुन आग्रह गरेका थिए । *-रासस*


## भाखा नाघेका ऋणीहरुमा कर्जा चुक्ता गर्न आउने बारे अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/११/१२**

यस पाल्पा जिल्ला तानसेन नगरपालिका वडा न.६ स्थित आनन्द बचत तथा ऋण सहकारी संस्था लि.बाट तपसिलमा उल्लेखित तपाई ऋणी सदस्यहरुले लिनु भएको ऋणको साँवा, व्याज र अन्य दस्तुर समेत यस संस्थासँगको शर्त कवुलियत बमोजिम समय समयमा तिर्न/बुझाउनु पर्नेमा सो नतिरि नबुझाई सो सम्बन्धमा पटक -पटक फोन तथा पत्राचारमार्फत ताकेता गर्दा समेत चुक्ता गर्नतर्फ कुनै चासो नदेखाई वेवास्ता गरि बसेको हुँदा उक्त ऋणको साँवा, व्याज र अन्य रकम समेत संस्थालाई नतिरि नवुझाई ऋण सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले ऋणी सदस्यहरुको विवरणसहित ऋण चुक्ता गर्नको लागि यो ३५ दिने सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखि संस्थाबाट लिएको ऋणको सम्पूर्ण साँवा, व्याज र अन्य दै-दस्तुर चुक्ता नगरेमा धितो सुरक्षण वापत रहेको चल अचल सम्पत्ति सहकारी ऐन २०७४ को दफा ७९ को उपदफा १, सहकारी नियमावली २०७५ को दफा ३०, लुम्बिनी प्रदेश नियमावली २०७६ को दफा २३ तथा यस संस्थाको विनियम २०६७ को दफा ६० बमोजिम लिलाम विक्री गरि संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरि लिने व्यहोरा अवगत गराउदछौं । ऋणीको सुरक्षणमा रहेको धितो लिलाम विक्री गरि शेयर तथा बचत रकम समेतबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणी तथा जमानत दिनेको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी साँवा, व्याज, हर्जाना र अन्य दस्तुर असुल उपरका लागि लिलामी प्रक्रिया अगाडि बढाईने व्यहोरा ऋणी, धनजमानीकर्ता व्यक्तिहरु तथा सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ । खराब ऋणीको नाम कानुन बमोजिम कालो सुचिमा राखिने बेहोरा समेत जानकारी गराउदछौं ।

**तपसिल**

| क्र. स. | ऋणीको तिन पुस्ते विवरण | ऋणीको जग्गाको विवरण | कैफियत |
|---|---|---|---|
| १. | नाम थर :- उमेश बिर जङ्ग राणा<br>ठेगाना :- पाल्पा जिल्ला साविक तानसेन न.पा. वडा न.२ हाल परिवर्तित वडा न.२<br>बाबु/पति :- टेक बिर जङ्ग राणा<br>बाजे/ससुरा :- बिर जङ्ग राणा | जिल्ला :- पाल्पा<br>गा.वि.स./न.पा :- तानसेन<br>वडा नं. :- वडा नं. २ हाल परिवर्तित तानसेन न.पा. वडा न.२<br>कित्ता नं. :- ३९१<br>क्षेत्रफल :- ०-७-२-१<br>किसिम :- घ वर्ग | यस संस्थाको नाममा मालपोत कार्यालय पाल्पा को च.नं. २४१९ र र. नं. १५८ , मिति २०७५/१०/२४ तथा यस संस्थाको नाममा मालपोत कार्यालय पाल्पा को च.नं.२२२ मिति २०७५/१०/२४ बाट धितो बन्धक रहेको |
| २. | नाम थर :- मीना पाण्डे<br>ठेगाना :- पाल्पा जिल्ला साविक चिर्तुङधारा गा.बि.स. वडा न.९ हाल बगनासकाली गा.पा. परिवर्तित वडा न.१<br>बाबु/पति :- कृष्ण प्रसाद पाण्डे<br>बाजे/ससुरा :- कुल प्रसाद पाण्डे | जिल्ला :- पाल्पा<br>गा.वि.स./न.पा :- तानसेन<br>वडा नं. :- वडा नं. ३ हाल परिवर्तित तानसेन न.पा. वडा न.६<br>कित्ता नं. :- २५५४<br>क्षेत्रफल :- १-१-१-३<br>किसिम :- ङ वर्ग | यस संस्थाको नाममा मालपोत कार्यालय पाल्पा को च.नं.१४८, मिति २०७३/२/१२ तथा यस संस्थाको नाममा मालपोत कार्यालय पाल्पा को च.नं.२९२६ मिति २०७३/२/१२ बाट धितो बन्धक रहेको |
| ३. | नाम थर :- दिपक मान वज्राचार्य<br>ठेगाना :- पाल्पा जिल्ला साविक तानसेन न.पा. वडा न.३ हाल परिवर्तित वडा न.६<br>बाबु/पति :- चिनिया मान वज्राचार्य<br>बाजे/ससुरा :- देव मान वज्राचार्य | जिल्ला :- पाल्पा<br>गा.वि.स./न.पा :- तानसेन<br>वडा नं. :- वडा नं. ३ हाल परिवर्तित तानसेन न.पा. वडा न.६<br>कित्ता नं. :- १४८९<br>क्षेत्रफल :- ०-०-३-०<br>किसिम :- ग वर्ग<br>कैफियत :- घर समेत | यस संस्थाको नाममा मालपोत कार्यालय पाल्पा को र.नं. १३०५, RK–१६२० मिति २०७९/०३/२३ मा धितो बन्धक रहेको |

**श्री आनन्द बचत तथा ऋण सहकारी संस्था लि.**
तानसेन-६, पाल्पा
सम्पर्क नम्बर : ०७५-५२१५५३

# जहाज बिग्रिएपछि रेसुङ्गा विमानस्थलमा उडान बन्द




**तम्घास (गुल्मी),**फागुन ११/ रेसुङ्गा विमानस्थलमा यही फागुन महिनाभर उडान नहुने भएको छ । विमानस्थलमा नेपाल एयरलाइन्सको सानो जहाज ले उडान भर्दै आएको थियो । एयरलाइन्सका रेसुङ्गा कार्यालयका प्रमुख सुमन थापाका अनुसार उडान उठान भर्दै आएको जहाजमा समस्या देखिएपछि हाललाई उडान स्थगन भएको हो ।

साना जहाज नेपाल एयरलाइन्समा दुईवटा छन् । 'एउटा जहाज पहिले नै बिग्रिएको र बाँकी अर्को जहाजको पनि इन्जिनमा समस्या आएपछि उडानमा समस्या आएको हो । जहाज हाल बिग्रेर मर्मतका लागि काठमाडौँमा छ', उनले भने, 'फागुनभर पनि उडान हुने कुनै सम्भावना छैन', प्रमुख थापाले विदेशबाट सामग्री ल्याएर बनाउनुपर्दा समय बढी लागेको बताए । रेसुङ्गा विमानस्थलमा पछिल्लोपटक एयरलाइन्सले २०८१ मङ्सिर २४ मा तम्घास-काठमाडौँ उडान भरेको थियो । विसं २०७९ वैशाख ३ गते पहिलो उडान भएको विमानस्थलमा झण्डै २० महिनामा ९० वटामात्र उडान भएका छन् । उक्त उडानमध्ये तम्घास-काठमाडौँ एक हजार एक सय ६५ र काठमाडौँ-तम्घास एक हजार ८८ यात्रीले सेवा पाएको स्टेशन इन्चार्ज थापाको भनाइ छ । जहाजले एकपटकमा १९ जनासम्म यात्री बोक्न सक्छ । विमानस्थलमा उडान भए पनि कर्मचारी भने तीनजना छन् । *-रासस*

# तानसेनमा 'शिव झण्डारोहण एवं स्नेह मिलन' कार्यक्रम हुँदै



**पाल्पा,** फागुन ११/महाशिवरात्रीको अवसरमा तानसेनस्थित बह्मकुमारी ईश्वरीय विश्व विद्यालय क्षेत्रिय कार्यालय पाल्पामा शिव झण्डारोहण एवं स्नेह मिलन कार्यक्रम हुने भएको छ । विद्यालयले यही फागुन १४ गते ८९ औं महाशिवरात्रीका दिन शिव झण्डारोहण एवं स्नेह मिलन कार्यक्रम गर्ने भएको हो ।

विद्यालयले आइतबार पत्रकार सम्मेलन गरी कार्यक्रमका बारेमा जानकारी गराएको छ । कार्यक्रममा विद्यालयका पाल्पा तथा गुल्मी क्षेत्रका सचिव तथा केन्द्रिय सदस्य, राजयोगी ब्रह्माकुमार भानुप्रकाश पौडेलले महाशिवरात्रीका दिन भव्य रुपमा कार्यक्रम गर्न लागिएको बताए । उनले मानव आत्मभित्र व्याप्त विकास र अज्ञान अन्धकार समाप्त गरी समस्त मानव आत्माहरुको कल्याणका लागि सत्ययुगी सृष्टिको पुन:स्थापनार्थ परमधामबाट धर्तीमा अवतरित भएको स्मृतिमा शिव झण्डारोहण एंव स्नेह मिलन कार्यक्रम गरिएको पौडेलले जानकारी गराए । उनले भने 'वास्तवमै शिवको बारेमा धेरैलाई थाहा भए पनि उनको महत्व र ज्ञानको बारेमा कमैलाई थाहा छ, त्यही भएर शिवको महिमा र ज्ञानका बारेमा सबैलाई जानकारी गराउन र एक आपसमा सद्भाव र आत्मियता बढाउन शिवरात्रीमा कार्यक्रम गर्न लागेका हौं ।' कार्यलय प्रमुख ब्रहमाकुमारी प्रेमा शाह (दिदी)ले कार्यक्रमलाई भव्य र सभ्य बनाउन प्रचार प्रसारलाई व्यापक बनाइदिन जिल्लाका पत्रकारहरुलाई आग्रह गरिन् । विद्यालयकी तारा दिदीले शिवरात्री पर्व निराकार शिव परमात्माको अवतरणको यादगार रहेको बताइन् । उनले पछिल्लो समय समाजमा विकृति विसंगीहरु बढ्दै गएकाले त्यसको नियन्त्रणका लागि शिवको महिमा र ज्ञानका बारेमा आम मानिससम्म पुगोस् भन्ने उद्देश्यले शिवरात्रीको पावन अवसरमा साताव्यापी कार्यक्रम गर्दै आएको जानकारी गराईन् । कार्यक्रममा पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले अहिलेको अवस्थामा युवाहरु कुलतमा पस्दै गएको अवस्थामा विद्यालयले ज्ञानवर्द्धक कार्यक्रम गरेकोमा खुसी व्यक्त गर्दै कार्यक्रम सफलताको शुभकामना व्यक्त गरे । विद्यालयले विगतदेखि जै शान्ति, योगा, ध्यान जस्ता विषयमा ज्ञान प्रदान गर्दै आएको छ । विद्यालयले गुल्मी र पाल्पामा रहेका आफ्ना शाखाहरुमार्फत ठाउँ-ठाउँमा सकारात्मक सोच तथा शिक्षा प्रदान गर्दै आएको पाइन्छ ।

## खेलकुद समाचार

# लेबनानले किर्गिस्तानलाई हरायो




**काठमाडौं,** फागुन ११/चारदेशीय अन्तर्राष्ट्रिय महिला च्याम्पियनशिप फुटबलमा किर्गिस्तानलाई हराउँदै लेबनानले सान्त्वना जीत हात पारेको छ । त्रिपुरेश्वरको दशरथ रङ्गशालामा आइतबार भएको खेलमा लेबनानले किर्गिस्तानलाई २-० गोलले हरायो । लेबनानका म्या रोज कल्लिल र क्रिस्टी मालौफले गरे गरे । किर्गिस्तान ३ वटै खेलमा पराजित भयो । दुवै टोली लिग चरणबाट बाहिरिइसकेका छन् । लिग चरणको अन्तिम खेलमा अहिले बेलुकी ६ बजे फाइनलमा पुगिसकेका नेपाल र म्यानमार खेल्दैछन् । यो खेलले लिग चरणको विजेता र उपविजेताको टुङ्गो लाग्नेछ । नेपाल र म्यानमार एक खेलअघि नै उपाधि नजिकै पुगेका हुन् । दुवै टोली अपराजित छन् । नेपाल र म्यानमारबीच अहिलेसम्म ४ पटक भेट भएको छ जसमा नेपाल ३ खेलमा पराजित हुँदा १ खेल बराबरीसमा सकिएको छ । नेपाल र म्यानमारबीचको फाइनल खेल आउँदो बुधवार हुनेछ । अन्तिम खेल अघि नै नेपाल र म्यानमार फाइनलमा पुगिसकेका छन् । नेपालले यसअघि किर्गिस्तान र लेबनानलाई समान एक गोलले हराउँदै फाइनलमा पुगेको हो । म्यानमारले पहिलो खेलमा लेबनानलाई ३-१ गोलले र दोस्रो खेलमा कीर्गिस्तानलाई पाँच गोलले हराएको थियो । नेपालले म्यानमारसँग अहिलेसम्म चार खेल खेलेको छ । तीन खेलमा पराजित नेपालले एक खेलमा बराबरी खेलेको थियो । लेबनान र कीर्गिस्तान उपाधि होडबाट बाहिरीसकेका छन् ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# नेप्से बढ्दा कारोबार रकम पनि बढ्यो



**पाल्पा,** फागुन ११/यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक दोहोरो अङ्कले बढ्दा कारोबार रकम पनि बढेको छ । नेप्से परिसूचक ११ दशमलव ६६ अङ्कले बढेर दुई हजार सात सय ५५ दशमलव ४० को विन्दुमा कायम भएको हो ।

आइतबार तीन सय २८ कम्पनीको दुई करोड १२ लाख छ हजार कित्ता शेयर एक लाख आठ हजार नौ सय १३ पटक खरिदबिक्री हुँदा रू ११ अर्ब ५४ करोड ८३ लाख ३७ हजार छ सय १२ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । कारोबारमा बैंकिङ शून्य दशमलव शून्य तीन, लगानी एक दशमलव ३३, जीवन बिमा शून्य दशमलव ८६, उत्पादन तथा प्रशोधन दुई दशमलव ७८, म्युचुअल फण्ड शून्य दशमलव शून्य दुई, निर्जीवन बिमा शून्य दशमलव १३ र अन्य समूह तीन दशमलव ७२ प्रतिशतले बढेको छ । अरु सबै समूहको उपसूचक घटेको छ । विकास बैंक शून्य दशमलव ४८, वित्त शून्य दशमलव ४५, होटल तथा पर्यटन शून्य दशमलव ५०, जलविद्युत् शून्य दशमलव ५६, लघुवित्त शून्य दशमलव ६६ र व्यापार समूह एक दशमलव ३२ प्रतिशतले घटेको हो । गार्डियन माइक्रो लाइफइस्योरेन्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने रिलायन्स फाइनान्स लिमिटेडको शेयर मूल्य सात दशमलव २४ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा बढी हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रू ९५ करोड ६४ लाख ५१ हजार तीन सय ६६ बराबरको नौ लाख ९० हजार छ सय ७२ कित्ता शेयर किनबेच भएको छ । *-रासस*

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई